धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**एमबीएल सामूहिक लगानी कोष अन्तर्गत सञ्चालन हुने**

**एमबीएल इक्विटी फण्ड (MBL EQUITY FUND)**

को

# विवरण पुस्तिका

**(सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २४ को व्यवस्था बमोजिम जारी गरिएको)**

प्रति इकाई अंकित मूल्य रु.१०/- दरको १२,००,००,००० (बाह्र करोड) इकाई मध्ये बीज पूँजी बापत न्यूनतम १,८०,००,००० (एक करोड असी लाख) इकाई वा कुल बिक्री भएको इकाई संख्याको १५ (पन्ध्र) प्रतिशत इकाई मध्ये कोष प्रवर्द्धक श्री माछापुच्छ्रे बैंक लिमिटेडका लागि १४ प्रतिशत वा १,६८,००,००० (एक करोड अड्सठ्ठी लाख) इकाई तथा योजना व्यवस्थापक श्री माछापुच्छ्रे क्यापिटल लिमिटेडका लागि १ प्रतिशत वा १२,००,००० (बाह्र लाख) इकाई सुरक्षित राखी बाँकी १०,२०,००,००० (दश करोड बिस लाख) इकाई यस विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ ।

| | |
|---|---|
| योजनाको किसिम | : बन्दमुखी । |
| योजनाको अवधि | : १२ वर्ष । |
| नेपाल धितोपत्र बोर्डमा योजना दर्ता मिति | : २०८१/१०/२० गते । |
| नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति | : २०८१/१०/२० गते । |
| इकाई बिक्री खुल्ला हुने मिति | : २०८१/११/२२ गते । |
| इकाई बिक्री बन्द हुने मिति (छिटोमा) | : २०८१/११/२६ गते (बैंकिङ्ग समय पश्चात्) । |
| इकाई बिक्री बन्द हुने मिति (ढिलोमा) | : २०८१/१२/०७ गते (बैंकिङ्ग समय पश्चात्) । |
| आवेदन दिनुपर्ने न्यूनतम इकाई संख्या | : १०० (एक सय) । |
| आवेदन दिन पाउने अधिकतम इकाई संख्या | : १,२०,००,००० (एक करोड बिस लाख) । |
| आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकम | : प्रति इकाई अंकित मूल्य रु. १० का दरले शत्प्रतिशत । |
| योजना परिपक्व हुने | : इकाई बाँडफाँड भएको मितिले १२ वर्ष । |

**कोष प्रवर्द्धकको रेटिङ्ग** : केयर रेटिङ्ग नेपाल लिमिटेडबाट मिति २०८१/१०/२९ मा कोष प्रवर्द्धकको लागि रेटिङ्ग **" CARE-NP BBB+ (Is) "** प्राप्त, जसले Moderate Degree of Safety Regarding Timely Servicing of Financial Obligations लाई जनाउँछ । उक्त रेटिङ्ग मिति २०८२/१०/२५ गते सम्म बहाल रहनेछ ।

**योजना व्यवस्थापकको रेटिङ्ग :** इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडबाट मिति २०८१/०६/१६ मा योजना व्यवस्थापकको लागि रेटिङ्ग "**IRN AMC Quality 3 (AMC 3) "** प्राप्त, जसले Adequate Ability of Fund to Achieve Fund Objectives लाई जनाउँछ । उक्त रेटिङ्ग मिति २०८२/०६/१४ गते सम्म बहाल रहनेछ ।

| **कोष प्रवर्द्धक** | **योजना व्यवस्थापक/डिपोजिटरी** |
|---|---|
| Machhapuchchhre Bank Limited<br>माछापुच्छ्रे बैंक लिमिटेड<br>अझ सबल, उत्कृष्ट एवं विस्तारित<br>माछापुच्छ्रे बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं<br>फोन नं. ०१-४५२८५५६<br>Email: machbank@mbl.com.np<br>URL: www.machbank.com | Machhapuchchhre Capital Limited<br>माछापुच्छ्रे क्यापिटल लिमिटेड<br>(Subsidiary of Machhapuchchhre Bank Limited)<br>माछापुच्छ्रे क्यापिटल लिमिटेड, बागदरबार, काठमाडौं<br>फोन नं. : ०१-५३६६३२५, ०१-५३४९४५३<br>Email: mcl@mcl.com.np<br>URL : www.mcl.com.np |

**कोष सुपरिवेक्षक**

१. **श्री अनुपमा श्रेष्ठ पन्त**, काठमाडौं म.न.पा. वडा नं. १८, काठमाडौं, स्नातकोत्तर (अर्थशास्त्र), विभिन्न शैक्षिक संस्थाहरुमा २१ वर्ष भन्दा बढी शिक्षण तथा प्रशासनिक क्षेत्रको कार्यानुभव ।

२. **श्री विष्णु प्रसाद भण्डारी**, पुतलीबजार न.पा. वडा नं. १४ (साबिक ९), स्याङ्जा, चार्टर्ड एकाउन्टेन्ट, वित्तिय क्षेत्र, परामर्श सेवा तथा लेखापरिक्षण क्षेत्रमा १८ वर्ष भन्दा बढीको कार्यानुभव ।

३. **श्री मुकुन्द प्रसाद पौडेल**, साबिक बाङ्सिङ गा.वि.स वडा नं ३, हाल परिवर्तित आँधिखोला गाँउपालिका, वडा नं. ४, स्याङजा, स्नातकोत्तर (कानून विषयमा), विभिन्न संस्थाहरुमा कानूनी सल्लाहकारको रुपमा २५ वर्ष भन्दा बढी कार्य गरेको कार्यानुभव ।

४. **श्री राजेश शर्मा,** दुलारी न.पा., वडा नं. ५, मोरङ्ग, विद्यावारिधि (व्यवस्थापन), विभिन्न संस्थाहरुमा १३ वर्ष भन्दा बढीको शिक्षण तथा प्रशासनिक क्षेत्रको कार्यानुभव ।

५. **श्री सुर्य भक्त पोखेल**, वटेश्वर गा.वि.स. वडा नं. १, धनुषा, चार्टर्ड एकाउन्टेन्ट, लेखापरिक्षण तथा वित्तिय क्षेत्रमा २२ वर्ष भन्दा बढीको कार्यानुभव ।

आरविवि मर्चेन्ट बैंकिङ्ग लि.
RBB MERCHANT BANKING LTD.
A subsidiary company of Rastriya Banijya Bank Ltd.

**निष्काशन तथा बिक्री प्रबन्धक**

**आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ**

**(A Subsidiary Company of Rastriya Banijya Bank Limited)**

फोन नं. : ०१-५३४३२६५ फयाक्स : ०१-५३४५०१८,

ईमेलः rbbmbl@rbbmbl.com.np वेभसाइटः www.rbbmbl.com.np

**यस विवरण पुस्तिकाले योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूति गर्दैन । कृपया लगानी गर्नु भन्दा अगाडी विवरण पुस्तिका राम्रोसँग पढ्नु होला ।**

२.१ विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| २.२ | विवरण-पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा | ४ |
| २.३ | विवरण-पुस्तिका तथा आवेदन प्राप्त गर्ने र आवेदन बुझाउने स्थानहरु | ४ |
| २.४ | विवरण-पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा | ४ |
| **३** | **उद्घोषण** | ५ |
| ३.१ | नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण | ५ |
| ३.२ | कोष प्रवर्द्धकको उद्घोषण | ५ |
| ३.३ | योजना व्यवस्थापकको उद्घोषण | ५ |
| ३.४ | कोष सुपरिवेक्षकको उद्घोषण | ५ |
| **४** | **योजना सम्बन्धी संक्षिप्त जानकारी** | **५** |
| **५** | **कोष प्रवर्द्धक सम्बन्धी जानकारी** | **७** |
| ५.१ | कोष प्रवर्द्धकको नाम | ७ |
| ५.२ | योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत | ७ |
| ५.३ | कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण | ७ |
| ५.४ | कोष प्रवर्द्धकको संक्षिप्त इतिहास | ७ |
| ५.५ | कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु | ७ |
| ५.६ | कोष प्रवर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण | ७ |
| **६** | **योजना व्यवस्थापक सम्बन्धी विवरण** | **११** |
| ६.१ | योजना व्यवस्थापकको परिचय | ११ |
| ६.२ | योजना व्यवस्थापकको भावी योजना तथा रणनीति | १२ |
| ६.३ | योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था | १४ |
| ६.४ | योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी | १४ |
| ६.५ | योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी | १४ |
| ६.६ | योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी | १७ |
| ६.७ | योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण | १७ |
| ६.८ | योजना व्यवस्थापकको लेखा नीति सम्बन्धी व्यवस्था | १९ |
| ६.९ | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | १९ |
| ६.१० | योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सोको विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सो सम्बन्धी विवरण | २० |
| ६.११ | यो योजनाभन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (नेट एसेट भ्यालु) सम्बन्धी विवरण | २० |
| ६.१२ | योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत | २० |
| **७** | **कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौता सम्बन्धी विवरण** | **२०** |
| ७.१ | कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता | २० |
| ७.२ | कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी | २० |
| ७.३ | योजनासम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका | २२ |
| ७.४ | कोषप्रवर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य-मुख्य बुँदाहरु | २२ |
| **८** | **योजना सम्बन्धी जानकारी** | **२३** |
| ८.१ | योजना सम्बन्धी विवरण | २३ |
| ८.२ | योजनाको उद्देश्य | २४ |
| ८.३ | योजनाले लगानी गर्ने क्षेत्र | २४ |
| ८.४ | योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण | २५ |
| ८.५ | योजनाको खर्च सम्बन्धी विवरण | २८ |
| ८.६ | योजनाको मुनाफा वितरणको लक्ष्य | २९ |
| ८.७ | लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था | २९ |
| ८.८ | योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया | २९ |
| ८.९ | खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था | ३० |
| ८.१० | योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा | ३० |
| **९** | **इकाई निष्काशन सम्बन्धी विवरण** | **३३** |

| | | |
|---|---|---|
| ९.१ | इकाई बिक्री खुला गरिने मिति तथा अवधि | ३३ |
| ९.२ | आवेदन संकलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी | ३३ |
| ९.३ | आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु | ३३ |
| ९.४ | खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या | ३३ |
| ९.५ | इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था | ३३ |
| ९.६ | आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु | ३३ |
| **१०** | **इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा** | ३४ |
| **११** | **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया** | ३४ |
| **१२** | **योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)** | ३५ |
| **१३** | **यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठिक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत** | ३६ |
| **१४** | **लेखापरिक्षकद्धारा प्रक्षेपित वित्तीय विवरणको प्रमाणिकरण** | ३७ |

**२.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित २०७७) सम्झनुपर्दछ ।

(ग) "निर्देशिका" भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनु पर्दछ ।

(घ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

(ङ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

(च) "विवरण पुस्तिका" भन्नाले इकाई सार्वजनिक निष्काशनको आव्हान गर्नुअघि योजनाको सम्बन्धमा सम्भावित लगानीकर्तालाई जानकारी प्रदान गर्ने प्रयोजनका लागि निर्देशिका बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनु पर्छ ।

(छ) "संकलन केन्द्र" भन्नाले इकाईको सार्वजनिक रुपमा निष्काशन तथा बिक्रीका लागि आवेदन फारम बुझ्ने, नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

(ज) "निष्काशन बैंक" भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा बिक्रीबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएका वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई सम्झनु पर्दछ ।

(झ) "इकाई" भन्नाले योजना अन्तर्गत निष्काशन गरीने धितोपत्रको इकाई सम्झनु पर्छ ।

(ञ) "कोष प्रवर्द्धक" भन्नाले माछापुच्छ्रे बैंक लिमिटेड सम्झनु पर्दछ ।

(ट) "योजना" भन्नाले नियमावलीको नियम २४ बमोजिम बोर्डबाट स्वीकृती प्राप्त योजना (Scheme) सम्झनु पर्छ ।

(ठ) "योजना व्यवस्थापक" भन्नाले माछापुच्छ्रे क्यापिटल लिमिटेड सम्झनु पर्दछ ।

(ड) "कोष सुपरिवेक्षक" भन्नाले नियमावलीको व्यवस्था बमोजिम एमबीएल सामूहिक लगानी कोष को सुपरिवेक्षणका लागि बोर्डबाट स्वीकृतिप्राप्त गरी कोष प्रवर्द्धकबाट नियुक्त व्यक्तिहरुको समूह सम्झनु पर्दछ ।

(ढ) "डिपोजिटरी" भन्नाले योजना अर्न्तगतका इकाईधनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सोको रेकर्ड राख्ने, इकाईधनीहरुलाई लाभांश वितरण गर्नेजस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमतिप्राप्त माछापुच्छ्रे क्यापिटल लिमिटेड सम्झनु पर्दछ ।

(ण) "बन्दमुखी योजना" भन्नाले समयावधि तोकी संचालन गरिने योजना सम्झनु पर्दछ ।

(त) "प्रति इकाई अंकित मुल्य" भन्नाले योजना अन्तर्गत निष्काशन गरिने धितोपत्रको प्रति इकाई मूल्यलाई सम्झनु पर्दछ ।

(थ) "खुद सम्पत्ति मूल्य" भन्नाले योजनाको लगानीको बजार मूल्य, प्रतिफल तथा अन्य आयको योगबाट दायित्व तथा अपलेखन नगरिएको स्थगन तथा विविध खर्च घटाई बाँकी रहेको सम्पत्ति सम्झनु पर्छ ।

(द) "निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडलाई सम्झनु पर्दछ ।

**२.३ विवरण पुस्तिका तथा आवेदन फारम प्राप्त गर्ने र आवेदन बुझाउने स्थानहरु :**

**(क) विवरण पुस्तिका प्राप्त गर्ने स्थान :**

| क्र.सं. | कम्पनीको नाम ठेगाना |
|---|---|
| १. | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाडौं । |
| २. | माछापुच्छ्रे क्यापिटल लिमिटेड, बागदरबार, काठमाडौं । |
| ३. | माछापुच्छ्रे बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं । |

साथै विवरण पुस्तिका आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको वेभसाइटः **www.rbbmbl.com.np,** योजना व्यवस्थापकको वेभसाइटः **www.mcl.com.np,** कोष प्रवर्द्धकको वेभसाइटः **www.machbank.com,** नेपाल धितोपत्र बोर्डको वेभसाइटः **www.sebon.gov.np** तथा सिडिएस एण्ड क्लियरिङ्गको वेभसाइटः **www.meroshare.cdsc.com.np** बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरण पुस्तिका हेर्न सक्नु हुनेछ ।

**(ख) निवेदन बुझाउने स्थानहरु :**

| क्र.सं. | निवेदन बुझाउने स्थानहरु |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पुर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |
| २. | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत । |

**२.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :**

यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि प्रचलित ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृति प्राप्त भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनुभन्दा अगाडि नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन् । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिइन्छ । विवरण पुस्तिका प्रकाशित भएपश्चात् निष्काशन खुल्ला हुनुअघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सोको सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

## ३. उद्घोषणः

### ३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लेखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### ३.२ कोष प्रवर्द्धकको उद्घोषण :

प्रचलित कानून बमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना, कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा सञ्चालनमा आउनेछ । कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको सञ्चालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि सञ्चालकमार्फत योजनाको व्यवसायिक तथा नियमसंगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ । कोष प्रवर्द्धकले यस योजनाले बिक्री गर्ने कुल इकाई रकमको १४ (चौध) प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ । विवरण पुस्तिकामा समावेश विवरणहरु सत्य तथ्य रहेका छन् ।

### ३.३ योजना व्यवस्थापकको उद्घोषण :

यो विवरण पुस्तिकामा योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ । यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सत्य तथ्ययुक्त रहेको प्रति यस विवरण पुस्तिकामा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत तथा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं । यस विवरण पुस्तिका तयार गर्दा प्रचलित ऐन/नियमको पालना गरिएको छ । लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सु-सूचित निर्णय लिन आवश्यक सूचना तथा जानकारी लुकाइएको छैन । योजना व्यवस्थापकले यस योजनाले बिक्री गर्ने कुल इकाई रकमको १ (एक) प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ ।

### ३.४. कोष सुपरिवेक्षकको उद्घोषण :

यस विवरण पुस्तिकामा समावेश भएका विषयहरु हामीलाई योजना व्यवस्थापकबाट उपलब्ध गराइएका सूचना तथा विवरणहरुको अध्ययन गर्दा यसमा समावेश गरिएका वित्तीय विवरण, योजना व्यवस्थापक, कोष सुपरिवेक्षक आदी सम्बन्धी विवरण तथा जानकारी सत्य र तथ्यपरक रहेका छन् र सोही बमोजिम विवरण पुस्तिकाको स्वीकृतिका लागि बोर्डमा पठाउन सहमति दिइएको छ । यस पुस्तिकामा उल्लेख गरिएका विवरणहरुले लगानीकर्तालाई योजनाको इकाईमा लगानीको लागि सु-सूचित भई निर्णयमा पुग्न सहयोग पुऱ्याउने हाम्रो विश्वास रहेको छ ।

## ४. योजना सम्बन्धी संक्षिप्त जानकारी :

इकाई बिक्रीबाट संकलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक बुँदा ८.३ बमोजिमका लगानीका क्षेत्रहरुमा लगानी गरी लगानीकर्ताहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो । योजनाको खुद सम्पत्ति मूल्यको सीमाभित्र रही सामूहिक लगानी कोष निर्देशिका, २०६९ मा तोकिए बमोजिम सार्वजनिक निष्काशन गरिएका धितोपत्रको प्रत्याभूति (अन्डरराईट) गर्नुका साथै योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्ने उद्देश्य रहेको छ । यस योजना १२ वर्षे अवधि भएको बन्दमुखी योजना हो । यस योजनाले इकाईधनीहरुलाई प्रदान गर्ने प्रक्षेपित वार्षिक औषत प्रतिफल १७.५०% तथा जोखिम स्तर मध्यम रहेको छ ।

| | | | |
|---|---|---|---|
| ४.१ | क | योजनाको नाम | एमबीएल इक्विटी फण्ड (MBL Equity Fund) |
| | ख | योजनाको आकार | रु.१,२०,००,००,०००/- (अक्षेरुपी एक अर्ब बीस करोड रुपैंया) |
| | ग | योजनाको प्रकार | बन्दमुखी (Close-end) |
| ४.२ | क | निष्काशन गर्न लागिएको इकाई संख्या | १२,००,००,००० (बाह्र करोड) इकाई |
| | ख | प्रति इकाई अंकित मूल्य | रु.१०/- (अक्षेरुपी दश रुपैंया मात्र) |
| | ग | न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या | ६,००,००,००० (छ करोड) इकाई (बिक्री खुला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधि भित्र कम्तीमा ५० प्रतिशत इकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गर्न सकिनेछ तर न्युनतम संख्यामा इकाई बिक्री नभएमा योजना खारेज गरि पन्ध्र दिन भित्र निवेदकहरुको रकम फिर्ता गर्न भुक्तानी प्रकृया शुरु गरिने छ ।) |
| | घ | अधिकतम सकारिने इकाई संख्या | १५,००,००,००० (पन्ध्र करोड) इकाई (निष्काशन गरिएको भन्दा बढि संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको २५ प्रतिशत सम्म थप गरि इकाई बाँडफाँड गर्न सकिने छ ।) |
| | ङ | योजनाको अवधि | १२ बर्ष |
| | च | योजना परिपक्व हुने मिति | योजना इकाई बाँडफाँड भएको मितिले १२ बर्ष (उक्त अवधी पश्चात् योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसावले प्रचलित कानून बमोजिम वितरण गरिने) |
| | छ | इकाई बिक्री खुल्ला हुने मिति | २०८१/११/२२ |
| | ज | इकाई बिक्री बन्द हुने मिति | २०८१/११/२६ |
| | झ | इकाई बिक्री केन्द्रहरु | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तीनका शाखा कार्यालयहरु । |
| | ञ | आवेदकले खरिद गर्नुपर्ने न्यूनतम इकाई संख्या | १०० (एक सय) |

| | | | |
|---|---|---|---|
| | ट | आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई संख्या | १,२०,००,००० (एक करोड बीस लाख) |
| | ठ | इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था | इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भएपश्चात् धितोपत्र बाँडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिने । |
| | ड | सूचिकरण तथा दोस्रो बजार कारोवार व्यवस्था | इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गरी कारोबारको व्यवस्था गरिने । |
| ४.३ | | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाले कमाएको खुद नाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिने । खुद मुनाफाबाट **लाभांश** कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिने । |
| ४.४ | | इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित नेपाल कानून बमोजिम दर्ता भएका फर्म, संघ तथा संगठित संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु, सञ्चयकोष, नागरिक लगानी कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष, अवकाश कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्ने । |
| ४.५ | | योजना व्यवस्थापकको<br>नाम तथा ठेगाना :<br>स्थापना गर्ने ऐन :<br>दर्ता मिति :<br>बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति | <br>माछापुच्छ्रे क्यापिटल लिमिटेड, बागदरबार, काठमाडौं ।<br>कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ ।<br>कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०७४/०६/०८<br>नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मितिः २०८१/०६/१६ |
| ४.६ | | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | एस.ए.आर. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्स, विशालनगर, काठमाडौं । |
| ४.७ | | योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना | लेखापरिक्षक पछि नियुक्त गरिने । |
| ४.८ | | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | १. **श्री अनुपमा श्रेष्ठ पन्त**, काठमाडौँ म.न.पा. वडा नं. १८, काठमाडौं,<br>२. **श्री विष्णु प्रसाद भण्डारी**, पुतलीबजार न.पा. वडा नं. १४ (साबिक ९), स्याङ्जा<br>३. **श्री मुकुन्द प्रसाद पौडेल**, साबिक बाङ्सिङ गा.वि.स वडा नं ३, हाल परिवर्तित आँधिखोला गाँउपालिका, वडा नं. ४, स्याङ्जा<br>४. **श्री राजेश शर्मा,** दुलारी न.पा., वडा नं. ५, मोरङ्ग<br>५. **श्री सुर्य भक्त पोखेल**, वटेश्वर गा.वि.स. वडा नं. १, धनुषा |
| ४.९ | | रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | कोष प्रवर्द्धकको रेटिङ्ग कम्पनी : केयर रेटिङ्ग नेपाल लिमिटेड<br>कोष प्रवर्द्धकको रेटिङ्ग : CARE-NP BBB+ (Is)<br>योजना व्यवस्थापकको रेटिङ्ग कम्पनी : इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड<br>योजना व्यवस्थापकको रेटिङ्ग : IRN AMC Quality 3 (AMC3) |
| ४.१० | | लगानीका क्षेत्रहरु | नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ :<br>१. बोर्डमा दर्ता भएको धितोपत्र ।<br>२. सार्वजनिक निष्काशन भएको धितोपत्र ।<br>३. धितोपत्र विनिमय बजारमा सूचिकृत धितोपत्र ।<br>४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सूरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु ।<br>५. बैंक निक्षेप ।<br>६. मुद्रा बजार उपकरण ।<br>७. बोर्डले तोकिदिएको अन्य क्षेत्र । |
| ४.११ | | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनी श्री माछापुच्छ्रे क्यापिटल लिमिटेड, बागदरबार, काठमाडौंले डिपोजिटरीको कार्य गर्ने । |

| | | | |
|---|---|---|---|
| ४.१२ | | खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था | निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरेबमोजिम सार्वजनिक गरिने छ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको छ । |
| ४.१३ | | निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना<br>स्थापना गर्ने ऐन<br>दर्ता मिति | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाडौं ।<br>कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ ।<br>कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०७२/१०/१५ |

**५. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :**

**५.१ कोष प्रवर्द्धकको नाम :** श्री माछापुच्छ्रे बैंक लिमिटेड ।

**५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत :**

योजना व्यवस्थापक कम्पनीमा कोष प्रबर्द्धक श्री माछापुच्छ्रे बैंक लिमिटेडको चुक्ता पूँजीको ६९.८५ प्रतिशत शेयर स्वामित्व रहेको ।

**५.३ कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण :**

प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित एंव बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था ।

**५.४ कोष प्रवर्द्धकको संक्षिप्त इतिहास :**

माछापुच्छ्रे बैंक लिमिटेड मिति २०५४/११/०४ मा नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको कम्पनी हो । साथै मिति २०५७/०६/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी कम्पनीले मिति २०५७/०६/१७ गते देखि आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ । साथै माछापुच्छ्रे बैंक लि. र स्टेण्डर्ड फाइनान्स लि. गाभिई कायम भएको "माछापुच्छ्रे बैंक लिमिटेड" लाई "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०६९/०३/११ मा स्वीकृति प्राप्त गरी मिति २०६९/०३/२५ देखि माछापुच्छ्रे बैंक लिमिटेडको नामबाट कारोबार गर्दै आएको छ । यस बैंकको पूँजी संरचना ५१% संस्थापक शेयर स्वामित्व र ४९% सर्वसाधारण शेयर स्वामित्व रहेको छ ।

**५.५ कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :**

**कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित नेपालको कानूनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) बैंकको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रबर्धन गर्न र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागी सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

**५.६ कोष प्रवर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :**

माछापुच्छ्रे बैंक लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

## समष्टिकृत वासलात

(रकम रु.)

| सम्पत्ति | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| नगद तथा नगद समान | ११,५२२,०९७,०२२ | १०,६३३,५२०,३५७ | ७,८१५,३८७,०१८ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ६,०४७,३५३,५४५ | ९,३०९,१०७,६९७ | ६,३४०,१६७,३९८ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी | - | १,४५८,३१४,१८२ | ४०४,७७०,०६६ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - | - | ४,५४१,३३८ |
| अन्य व्यापारीक सम्पत्तिहरु | ५०७,९७५,९२२ | ४८९,५०३,७५० | १३,२७२,८२२ |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | २,६०७,५४३,०४३ | ४,४६४,२४४,२७१ | ५,१०१,४४३,४७७ |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | १२८,५७३,१५०,७५४ | १२६,१३७,६८२,७९८ | १२६,६०५,२४३,२९८ |
| धितोपत्रमा गरेको लगानी | २४,२६५,९४०,९८२ | २७,६१६,९५८,७५७ | ३५,८४६,३६१,७७४ |
| चालू कर सम्पत्ति | ६४७,३७८,८४१ | ७८४,९४८,८०३ | ९३५,६४८,००६ |
| सहायक कम्पनीमा लगानी | - | - | - |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - |
| सम्पत्तिमा लगानी | २४४,१८२,५७० | ६०९,९३७,१११ | १,२०१,९०२,४०८ |
| सम्पत्ति र उपकरण | १,५८६,३३५,४३० | १,५८७,८०५,१४३ | १,५९९,७७८,८५३ |
| गुडवील (ख्याति) र अमुर्त सम्पत्ति | १२८,०५३,८७४ | १३४,६१७,३६८ | १३०,०४७,९६२ |
| स्थगन कर सम्पत्ति | ५४,७०१,२१३ | ९१,२३२,८२० | १५७,४३४,४८८ |
| अन्य सम्पत्ति | २,५२६,००९,९१९ | ३,११७,७७७,७०१ | ३,३६२,२६४,१९४ |
| **कुल सम्पत्ति** | **१७८,७१०,७२३,११५** | **१८६,४३५,६५०,७५८** | **१८९,५१८,२६३,१०२** |
| **दायित्व** | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | ५,०७२,८३५,८७२ | ४,१०५,०६७,६५५ | ३,१२८,४९२,२१० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | ३,६१२,५१५,७६८ | १३,०००,००० | - |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | १,७८४,४०० | - | - |
| ग्राहकको निक्षेप दायित्व | १४४,९१४,९७८,३७३ | १५३,९११,७३९,९११ | १५८,४३८,१८८,४६२ |
| सापटी | १,२८६,२४३,९०१ | ३,३९५,००२,५६१ | २,०९१,१२९,०११ |
| चालू कर दायित्व | - | - | - |
| व्यवस्था रकमहरु | - | - | - |
| स्थगन कर दायित्व | - | - | - |
| अन्य दायित्वहरु | ३,७५२,२३८,७३८ | ३,२६३,४६२,२७८ | ३,१५५,८८०,७१७ |
| जारी गरिएको ऋणपत्र | ५,४९२,७५९,१०७ | ५,४९४,०३८,९४६ | ५,४९५,४८१,४८२ |
| असुरक्षित सहायक आवधिक दायित्व | - | - | - |
| **कूल दायित्व** | **१६४,१३३,३५६,१५९** | **१७०,१८२,३११,३५१** | **१७२,३०९,१७१,८८२** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | १०,२५७,१५५,५८१ | १०,२५७,१५५,५८१ | ११,६२१,३५७,२७३ |
| शेयर प्रिमियम | ३०,८८१,७६५ | ३०,८८१,७६५ | ३०,८८१,७६५ |
| सञ्चित मुनाफा | ५९८,२०९,३९६ | १,४५६,१६९,३८२ | (३५७,७८५,६०६) |
| जगेडा | ३,६०३,१४३,८०१ | ४,४१८,५२७,८९० | ५,८२४,६१५,९३० |
| **शेयरधनीहरुलाई बाँडफाँड योग्य कूल इक्विटी** | **१४,४८९,३९०,५४३** | **१६,१६२,७३४,६१८** | **१७,११९,०६९,३६२** |
| **गैर नियन्त्रित स्वार्थ** | ८७,९७६,४१३ | ९०,६०४,७८९ | ९०,०२१,८५९ |
| **जम्मा इक्विटी** | **१४,५७७,३६६,९५६** | **१६,२५३,३३९,४०७** | **१७,२०९,०९१,२२१** |
| **जम्मा दायित्व र इक्विटी** | **१७८,७१०,७२३,११५** | **१८६,४३५,६५०,७५८** | **१८९,५१८,२६३,१०२** |

## समष्टिकृत नाफा नोक्सान हिसाव

(रकम रु.)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| ब्याज आम्दानी | १५,२४१,३२४,२१७ | १९,२८९,२१४,६७७ | १६,६०२,००४,५८६ |
| ब्याज खर्च | १०,३४७,८०४,३५६ | १३,८९७,२०४,५६८ | ११,५९५,२८६,०३६ |
| **खूद ब्याज आम्दानी** | **४,८९३,५१९,८६१** | **५,३९२,०१०,१०९** | **५,००६,७१८,५५०** |
| शुल्क तथा कमिशन आम्दानी | १,३९२,९२६,७४० | १,४२९,३८५,२१० | १,३९३,७३५,४८७ |
| शुल्क तथा कमिशन खर्च | १९३,१४३,९१० | २५२,७३०,७५३ | २८७,०५६,८३० |
| **खूद शुल्क र कमिशन आम्दानी** | **१,१९९,७८२,८३०** | **१,१७६,६५४,४५७** | **१,१०६,६७८,६५७** |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | **६,०९३,३०२,६९१** | **६,५६८,६६४,५६६** | **६,११३,३९७,२०७** |
| खूद व्यापारिक आम्दानी | २१६,६५०,९५९ | २८०,४०६,७९२ | २३०,३८२,७८२ |
| अन्य सञ्चालन आम्दानी | ७४,६५०,०२४ | ८०,८३०,८२७ | ८८,६५३,७५४ |
| **जम्मा सञ्चालन आम्दानी** | **६,३८४,६०३,६७४** | **६,९२९,९०२,१८५** | **६,४३२,४३३,७४३** |
| कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु | ५०१,२३२,७८१ | १,१४८,२५९,६६९ | १,३९८,१८७,६०५ |
| **खूद सञ्चालन आम्दानी** | **५,८८३,३७०,८९३** | **५,७८१,६४२,५१६** | **५,०३४,२४६,१३८** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | १,९४३,०७३,५०७ | २,१३८,०३७,२६८ | २,११२,२९०,५६६ |
| अन्य सञ्चालन खर्च | १,१०५,०३३,३०६ | ८३१,१००,९३२ | ८३७,२९५,२४८ |
| ह्रासकट्टी र परिशोधन | ३७७,४४२,८४७ | ४१८,५९६,३०२ | ४२२,२८७,५७० |
| **सञ्चालन मुनाफा** | **२,४५७,८२१,२३३** | **२,३९३,९०८,०१४** | **१,६६२,३७२,७५४** |
| गैर सञ्चालन आम्दानी | ३४,४६६,८३६ | ८,९३१,१५४ | ८५,३१८,४४८ |
| गैर सञ्चालन खर्च | ६२,८८८,६३७ | ५४,२३२,१७४ | ९७,३७१,६७० |
| **आयकर अधिको मुनाफा** | **२,४२९,३९९,४३२** | **२,३४८,६०६,९९४** | **१,६५०,३१९,५३२** |
| आयकर खर्च अ | ७४१,११५,८६३ | ७१२,८८१,५७३ | ६०९,३४१,९४२ |
| चालू कर खर्च | ७५३,३०५,६६९ | ७६४,०७९,२१० | ६८०,०९८,७९९ |
| स्थगन कर खर्च | (१२,१८९,८०६) | (५१,१९७,६३७ | (७०,७५६,८५७) |
| **यस अवधिको मुनाफा** | **१,६८८,२८३,५६९** | **१,६३५,७२५,४२१** | **१,०४०,९७७,५९०** |
| **नाफा बाँडफाँड** | | | - |
| बैंकको शेयरधनी | १,६८७,७९२,६३१ | १,६३३,०९७,०४५ | **१,०४०,९५५,४०९** |
| गैर नियन्त्रित स्वार्थ | ४९०,९४० | २,६२८,३७६ | **२२,१८२** |
| **यस अवधिको मुनाफा** | **१,६८८,२८३,५६९** | **१,६३५,७२५,४२१** | **१,०४०,९७७,५९०** |

## समष्टिकृत अन्य विस्तृत आयको विवरण

(रकम रु.)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| **वर्ष भरिको खुद नाफा/(नोक्सान)** | **१,६८८,२८३,५६९** | **१,६३५,७२५,४२१** | **१,०४०,९७७,५९०** |
| **अन्य विस्तृत आम्दानी (कर कट्टी पश्चात्)** | | | - |
| **क) नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने शिर्षकहरुः** | | | - |
| बजार मूल्यमा मापन हुने इक्विटी उपकरणमा भएको लगानीको पूनर्मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | (२३,८७६,४३६) | (३,३९१,९०४) | (४,९६३,११६) |
| पुनर्मूल्याङ्कनमा भएको नाफा/(नोक्सान) | - | - | - |
| परिभाषित लाभ योजनामा भएको Actuarial नाफा/(नोक्सान) | १८,८२३,६१५ | ६१,०५४,०३३ | १४,८४६,१०४ |
| माथि उल्लेखित विवरणसँग सम्बन्धित कर | ७,१६२,९३१ | १,०१७,५७१ | (२,९६४,८९६) |
| **खुद अन्य विस्तृत आम्दानी - नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने** | **२,११०,११०** | **५८,६७९,७००** | **६,९१८,०९२** |
| **ख) नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण हुन सक्ने शिर्षकहरु** | **-** | **-** | - |

| | | | |
|---|---|---|---|
| Cash Flow Hedge मा भएको नाफा/(नोक्सान) | - | - | - |
| सटही नाफा/(नोक्सान) वैदशिक कारोबारमा | - | - | - |
| माथि उल्लेखित विवरणसँग सम्बन्धित कर | - | - | - |
| नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण गरिएको | - | - | - |
| **नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण हुन सक्ने खुद अन्य विस्तृत आम्दानी** | | - | - |
| **ग) एसोसिएट कम्पनीको ईक्वीटि पद्धतिबाट लेखाङ्कन गरिएको अन्य विस्तृत आम्दानीमा भएका स्वार्थ** | - | - | - |
| **अन्य विस्तृत आम्दानी (कर कट्टी पश्चात्)** | २,११०,११० | ५८,६७९,७०० | ६,९१८,०९२ |
| **वर्षको कुल विस्तृत आम्दानी (वर्ष भरिको खुद नाफा/(नोक्सान सहितको)** | **१,६९०,३९३,६७८** | **१,६९४,४०५,१२१** | **१,०४७,८९५,६८२** |
| **Total Comprehensive Income Attributable to:** | | | |
| बैंकका शेयरधनीहरु | १,६८९,९०२,७३८ | १,६९१,७७६,७४५ | १,०४७,८७३,५०० |
| नियन्त्रण नहुने स्वार्थ | ४९०,९४० | २,६२८,३७६ | २२,१८२ |
| **वर्षको कुल विस्तृत आम्दानी** | **१,६९०,३९३,६७८** | **१,६९४,४०५,१२१** | **१,०४७,८९५,६८२** |

## समष्टिकृत नगद प्रवाह विवरण

**(रकम रु.)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | | | |
| ब्याज आम्दानी | १४,०९९,४८७,६१७ | १७,६६४,६८९,५७७ | १४,६७५,२९७,९३७ |
| शुल्क तथा अन्य आम्दानी | १,३९२,९२६,७४० | १,४२९,३८५,२१० | १,३९३,७३५,४८७ |
| लाभांश प्राप्ती | - | - | - |
| अन्य सञ्चालन गतिविधिबाट प्राप्ती | ३११,५०६,२५० | ३६६,९२६,६०४ | ३९२,६९४,९५६ |
| ब्याज खर्च | (९,८५८,५९२,३४२) | (१३,३९७,१६५,०२२) | (११,०९५,१४६,३०४) |
| कमिशन तथा शुल्क खर्च | (१९३,१४३,९१०) | (२५२,७३०,७५३) | (२८७,०५६,८३०) |
| कर्मचारी खर्च | (१,९४३,०७३,५०७) | (२,१३८,०३७,२६८) | (२,११२,२९०,५६६) |
| अन्य खर्च | (१,१७९,३१६,१६५) | (८८५,५७५,००६) | (९३४,६६६,९१८) |
| **सञ्चालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **२,६२९,७९४,६८२** | **२,७८७,४९३,३४२** | **२,०३२,५६७,७६२** |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | २,८६०,८२९,२२४ | (३,२६१,७५४,१५२) | २,९६८,९४०,२९९ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात तथा लगानी | ४७७,०८५,२२० | (१,४५८,३१४,१८२) | १,०५३,५४४,११६ |
| अन्य व्यापारिक सम्पत्ति | (४६८,७१८,०९०) | १८,४७२,१७२ | ४७१,६८९,५९० |
| बैंक तथा वित्तीय संस्थाहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | १,१०६,९९७,४६२ | (१,८५६,७०१,२२८) | (६३७,१९९,२०६) |
| ग्राहकलाई प्रवाह गरेको कर्जा तथा सपटी | (१५,५०२,३७३,५९६) | १,२८७,२०८,२८७ | (१,८६५,७४८,१०५) |
| अन्य सम्पत्ति | (१,८११,८०४,०८२) | (६०९,९५८,५५३) | (२६९,२८४,१०३) |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा वृद्धि/(कमी)** | **(१३,३३७,९८३,८६२)** | **(६,१०८,७२९,३८६)** | **२,१४०,२६४,०९८** |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी | २,२०९,२९४,५३४ | (९६७,७६८,२१७) | (९७६,५७५,४४५) |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | (५४६,७७२,३०५) | (३,५९९,५१५,७६८) | (१३,०००,०००) |
| ग्राहकको निक्षेप दायित्व | १३,३९५,२१२,३९९ | ८,९९६,७६१,५३८ | ४,५२६,४४८,५५० |
| सापटी | ८३,९३७,३३५ | २,१०८,७५८,६६० | (१,३०३,८७३,५५०) |
| अन्य दायित्व | १,४०२,६९३,६६० | (४२९,५०६,८२७) | (९२,७३५,४५७) |
| **कारोबार सञ्चालनबाट आयकर अघिको खूद नगद प्रवाह** | **१६,५४४,३६५,६२३** | **३,०१५,१७५,०७२** | **५,८९४,७७४,४५२** |
| आयकर भुक्तानी | (९८१,३४७,२२६) | (८८५,९६५,५७१) | (८२४,७५३,८७८) |
| **कारोबार सञ्चालनबाट भएको खूद नगद प्रवाह** | **४,८५४,८२९,२१७** | **२,१२९,२०९,५०२** | **५,०७०,०२०,५७३** |
| **लगानी कारोबारमा नगद प्रवाह** | | | |
| धितोपत्र लगानी खरिद | (४,५९२,६६२,५३२) | (३,३५४,४०९,६७९) | (८,२३४,३६६,१३३) |

| | | | |
|---|---|---|---|
| धितोपत्र लगानीको बिक्रीबाट प्राप्ती | - | - | - |
| सम्पत्ति र उपकरणको खरिद | (४९२,१८३,८७५) | (४२३,३१३,३९८) | (४३६,५४९,२३३) |
| सम्पत्ति र उपकरणको बिक्रीबाट प्राप्ती | ७,५०१,९९६ | ३,२४७,३८३ | २,२८७,९५३ |
| अमूर्त सम्पत्तिको खरिद | (८८५,३३१) | (६,७३०,४१४) | २,५००,६७१ |
| अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ती | १६२,६९९ | १६६,९२० | २,०६८,७३५ |
| लगानी सम्पत्तिको खरिद | (१२७,३७९,९७०) | (३८७,०५२,०८९) | (७९९,९८१,८११) |
| लगानी सम्पत्तिको बिक्रीबाट प्राप्ती | १५७,१०७,९७३ | २१,२९७,५४८ | २०८,०१६,५१४ |
| ब्याज आम्दानी | १,१४१,८३६,६०० | १,६२४,५२५,१०० | १,९२६,७०६,६४९ |
| लाभांश आम्दानी | १४,२६१,५७० | ३,२४२,१६९ | ११,६६०,०२८ |
| **लगानी कारोबारबाट भएको खूद नगद प्रवाह** | **(३,८९२,२४०,८७०)** | **(२,५१९,०२६,४६०)** | **(७,३१७,६५६,६२६)** |
| **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | | | |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | २,३४५,११५,२९० | १,२७९,८३९ | १,४४२,५३६ |
| ऋणपत्रको भुक्तानी | - | - | - |
| असुरक्षित सहायक आवधिक दायित्वको निष्काशनबाट प्राप्ती | - | - | - |
| असुरक्षित सहायक आवधिक दायित्वको भुक्तानी | - | - | - |
| शेयर निष्काशनबाट प्राप्ती | - | - | - |
| लाभांश खर्च | (८०,४९८,६३२) | - | (७१,८००,०८९) |
| ब्याज खर्च | (४८९,२१२,०१४) | (५००,०३९,५४६) | (५००,१३९,७३२) |
| अन्य आम्दानी/भुक्तानी | - | - | - |
| **वित्तीय श्रोत कारोबारबाट भएको खूद नगद प्रवाह** | **१,७७५,४०४,६४४** | **(४९८,७५९,७०७)** | **(५७०,४९७,२८५)** |
| **नगद प्रवाहमा भएको खूद वृद्धि/(कमी)** | **२,७३७,९९२,९९०** | **(८८८,५७६,६६६)** | **(२,८१८,१३३,३३९)** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ८,७८४,१०४,०३२ | ११,५२२,०९७,०२२ | १०,६३३,५२०,३५७ |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/खर्च | - | - | - |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **११,५२२,०९७,०२२** | **१०,६३३,५२०,३५७** | **७,८१५,३८७,०१८** |

विगत ३ आर्थिक बर्षको प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी विवरण :

| **विवरण** | **समुह** | | |
|---|---|---|---|
| | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** |
| प्रति शेयर नेटवर्थ (रु.) | १४१.२६ | १५७.५८ | १४७.३१ |
| प्रति शेयर आम्दानी (रु.) | १६.४५ | १४.०५ | ८.९६ |

**६. योजना व्यवस्थापक सम्बन्धी विवरण :**

**६.१ योजना व्यवस्थापकको परिचय :**

**(क) योजना व्यवस्थापकको नाम :** श्री माछापुच्छ्रे क्यापिटल लिमिटेड ।

**(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरणः**

योजना व्यवस्थापक, श्री माछापुच्छ्रे क्यापिटल लिमिटेड, कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४/०६/०८ मा दर्ता (दर्ता नम्बरः (१७५८५९/०७४/०७५) बाट दर्ता भई धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रूपमा कार्य गर्न मिति २०७६/१०/०७ मा अनुमतिपत्र प्राप्त संस्था हो । साथै, निजले नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/०६/१६ मा योजना व्यवस्थापक तथा डिपोजिटरीको रुपमा कार्य गर्ने अनुमतिपत्र समेत प्राप्त गरेको छ ।

**(ग) योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना :** काठमाडौं म.न.पा. वडा नं ११, बागदरबार ।

**(घ) योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :**

श्री माछापुच्छ्रे क्यापिटल लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेडको सहायक कम्पनी हो । माछापुच्छ्रे क्यापिटल लिमिटेड, कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४/०६/०८ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १७५८५९/०७४/०७५ मा दर्ता भएको कम्पनी हो । यो कम्पनी आन्तरिक राजश्व कार्यालय, करदाता सेवा कार्यालय त्रिपुरेश्वरमा स्थायी

लेखा नं. ६०६८७७१२१ मा दर्ता भएको छ । नेपाल धितोपत्र बोर्डबाट सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०८१ साल असोज १६ गते योजना व्यवस्थापक तथा डिपोजिटरीको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था हो । माछापुच्छ्रे क्यापिटल लिमिटेडको मूख्य उद्देश्य धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा प्रचलित कानुनद्वारा परिभाषित लगानी व्यवस्थापक, डिपोजिटरी, संस्थागत वित्तीय परामर्शदाता, धितोपत्रको प्रत्याभूति, सामूहिक लगानी कोष र लगानीका लागि विशेषज्ञ सेवा उपलब्ध गराउने रहेको छ ।

**(ङ) योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु :**

प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।

(ख) नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।

(ग) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्वद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशको पूँजी बजारको समग्र विकासका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने ।

(घ) लगानीकर्ताहरुको पूँजी बजार तर्फको विश्वसनियता अभिवृद्धि गर्न आवश्यक कार्य संचालन गर्ने ।

(ङ) धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ तथा अन्य प्रचलित नियम कानून अन्तर्गत अनुमति प्राप्त गरी धितोपत्र दलाली, धितोपत्र व्यापार, निष्काशन तथा बिक्री प्रबन्धक, लगानी परामर्श सेवा, सामुहिक लगानी कोष व्यवस्थापन, विशिष्टिकृत लगानी कोष स्थापना तथा व्यवस्थापन, धितोपत्र दर्ता वा धितोपत्रको केन्द्रिय निक्षेप सेवा वा डिपोजिटरी (कस्टोडियल) सेवा, धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने सम्बन्धी सेवा, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति तथा संस्थागत परापर्शदाता जस्ता मर्चेण्ट बैंकिङ्ग सम्बन्धि कार्यहरु गर्ने ।

(च) कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।

(छ) नाफामुलक लगानीका क्षेत्र पहिचान गर्न आवश्यक अध्ययन अनुसन्धान गर्ने ।

(ज) सामूहिक लगानी कोष (म्यूचुअल फण्ड) को व्यवस्थापन तथा डिपोजिटरीको कार्य गर्ने ।

(झ) वित्तीय संस्था, मर्चेन्ट बैंक तथा म्यूचुअल फण्ड जस्ता कम्पनीहरुको बजारीकरण तथा एजेन्सी सेवा प्रदान गर्ने ।

(ञ) नयाँ तथा चलिरहेका परियोजनाहरुलाई वित्तीय परामर्श सेवा प्रदान गर्ने र भेन्चर क्यापिटल फाईनान्सिङ्ग गर्ने ।

(ट) वित्तीय संस्थाहरुको मर्जर र एक्विजिशन प्रकृयामा मध्यस्थता सेवा प्रदान गर्ने ।

(ठ) धितोपत्रको निक्षेप सेवा (डिपोजिटरी पार्टिसिपेण्ट सर्भिस) सम्बन्धि कार्य गर्ने ।

(ड) धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही सम्बन्धीत निकायको स्वीकृति लिई अन्य धितोपत्र व्यवसाय सम्बन्धी कार्य गर्ने ।

(ढ) योजना व्यवस्थापकको कार्य गर्ने

(ण) उचित प्रतिफल दिने विभिन्न दिर्घकालिन योजना/परियोजनाहरुमा तथा शेयर/डिबेन्चर/डेरिभेटिभ जस्ता लगानीका उपकरणहरुमा लगानी गर्ने ।

**(च) योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ :**

योजना व्यवस्थापक माछापुच्छ्रे क्यापिटल लिमिटेडको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न तथा हेर्न योजना व्यवस्थापकको कार्यालय बागदरबार, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

**६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीतिः**

**(क) व्यवसाय/सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

"एमबीएल इक्विटी फण्ड" माछापुच्छ्रे क्यापिटल लिमिटेडले सञ्चालनमा ल्याउन लागेको पहिलो बन्दमुखी योजना हो । बजारको अवस्था हेरी यस योजनाका अतिरिक्त अन्य विभिन्न बन्दमुखी तथा खुलामुखी योजनाहरु समेत सञ्चालनमा ल्याउने कम्पनीको योजना रहेकोछ । यसका साथै कम्पनीले थप व्यवसाय विस्तारको लागि आफ्नो कार्य क्षेत्रभित्र रही, बोर्डको आवश्यक स्वीकृति लिई लगानी तथा मर्चेन्ट बैंकिङ्ग क्षेत्र अन्तर्गत नयाँ सेवाहरु सञ्चालन गर्ने योजना राखेको छ ।

**कम्पनीको भावी रणनीति :**

१. कम्पनीले नियामक निकायबाट स्वीकृति हासिल गरी एमबीएल सामूहिक लगानी कोष अन्तर्गतको प्रथम योजना "एमबीएल इक्विटी फण्ड" सञ्चालनमा ल्याई उचित व्यवस्थापन गर्नेछ ।

२. आ.व. २०८१/८२ मा कम्पनीले एमबीएल सामुहिक लगानी कोष अन्तर्गत खुलामुखी योजना (SIP/SWP) सहित सञ्चालनको लागि नियामक निकायबाट स्वीकृति प्राप्त गर्न योजना दर्ता गर्नेछ ।

३. आ.व. २०८१/८२ मा कम्पनीले थप मर्चेन्ट बैंकिङ्ग व्यवसाय (निष्काशन तथा बिक्री प्रबन्धक, शेयर रजिष्ट्रेशन गर्ने अनुमतिपत्र प्राप्त गर्नको लागि नियामक निकायबाट आवश्यक स्वीकृति लिनेछ र स्वीकृति पश्चात् उक्त सेवाहरु सञ्चालनमा ल्याउनेछ ।

४. कम्पनीले नियामक निकायबाट विशिष्टिकृत लगानी कोषको स्वीकृति हासिल गरी प्राइभेट इक्विटी तथा भेञ्चर क्यापिटलका नवीनतम प्रकृतिका योजनाहरु सञ्चालन गर्ने रणनीति लिएको छ ।

४. कम्पनीले समय सापेक्ष आफ्नो प्रविधि सुधार गरी विद्यमान सेवाहरु ग्राहकहरुलाई थप सहज र शिघ्ररुपमा प्रदान गर्नको लागि नेपाल

भर आफ्नो सेवा विस्तार गर्दै जाने रणनीति लिएको छ ।
५. योजनाहरु तथा समग्र कम्पनीको चुस्त दुरुस्त व्यवस्थापनका लागि आवश्यक जनशक्ति थप गर्नुका साथै दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम प्रदान गरि उत्प्रेरणा सहित जनशक्तिको वृत्ति विकास गरिने छ ।

आगामी दिनमा हुन सक्ने नितिगत व्यवस्थाहरुलाई मध्यनजर गर्दै मर्चेन्ट बैंकिङ्ग व्यवसायीहरु मध्ये अग्रणी संस्थाको रुपमा रही आफ्नो पूँजी कोषमा थप वृद्धि गरि व्यवसायका लागि गति लिन सक्ने जोखिम बहन क्षमतामा बढोत्तरी तथा नयाँ प्रविधिहरुको उपयोग गरी ग्राहकमुखि सेवालाई नयाँ आयामका साथ संचालन गरिने छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :**

**विद्यमान आर्थिक स्थिति:**

२०८१ कार्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.६० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.३८ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९.१० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६५ प्रतिशत रहेको छ। अघिल्लो वर्ष सोही अवधिमा यी समूहहरुको मुद्रास्फीति क्रमशः ५.९८ प्रतिशत र ४.९९ प्रतिशतले रहेको थियो ।
आर्थिक वर्ष २०८१/८२ को चार महिनामा कुल वस्तु निर्यात ४.२ प्रतिशतले वृद्धि भई रु.५२ अर्ब ६७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ७.७ प्रतिशतले कमी आएको थियो । आर्थिक वर्ष २०८१/८२ को चार महिनामा कुल वस्तु आयात ०.२ प्रतिशतले वृद्धि भई रु.५१३ अर्ब ३९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा ३.८ प्रतिशतले कमी आएको थियो ।
समीक्षा अवधिमा विप्रेषण आप्रवाहमा ९.१ प्रतिशतले वृद्धि भई रु.५२१ अर्ब ६३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२.५ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३ अर्ब ८७ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ३ अर्ब ६० करोड रहेको थियो ।
२०८१ असार मसान्तमा रु.२०४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १०.५ प्रतिशतले वृद्धि भई २०८१ कात्तिक मसान्तमा रु.२२५५ अर्ब ३५ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८१ कात्तिक मसान्तमा ९.४ प्रतिशतले वृद्धि भई १६ अर्ब ७० करोड पुगेको छ ।
समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रु. १४९ अर्ब ८४ करोड (२.३ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप रु.१५४ अर्ब ६१ करोड (२.७ प्रतिशत) ले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १२.६ प्रतिशतले बढेको छ ।
समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.१२८ अर्ब ४७ करोड (२.५ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रु.९९ अर्ब ४० करोड (२.१ प्रतिशत) ले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.२ प्रतिशतले बढेको छ ।
२०८१ कात्तिकमा वाणिज्य बैंकहरुको औसत आधार दर ७.०२ प्रतिशत, विकास बैंकहरुको ८.९६ प्रतिशत र वित्त कम्पनीहरुको १०.०३ प्रतिशत रहेको छ । २०८० कात्तिकमा वाणिज्य बैंकहरुको औसत आधार दर ९.७४ प्रतिशत, विकास बैंकहरुको १२.०० प्रतिशत र वित्त कम्पनीहरुको १३.३३ प्रतिशत रहेको थियो ।
स्रोतः नेपाल राष्ट्र बैंकको आ.व. २०८१/८२ को चार महिनाको तथ्याङ्कमा आधारित

नेपाली पूंजी बजारमा सामूहिक लगानी कोषको अवधारणा विकास भएको करिब एक दशकमा यस प्रकारको सेवा प्रदान गर्न स्थापित कम्पनीहरुको संख्या १६ वटा रहेको परिप्रेक्षमा यस कम्पनीले आफ्नो उद्देश्य बमोजिमको लक्ष्य हासिल गर्नका लागि प्रतिस्पर्धी रहने आवश्यक रणनीति तयार गरेको छ। कम्पनीले प्रतिष्पर्धी क्षमता बढाउन दक्ष जनशक्तिको विकास तथा समयसापेक्ष प्रविधिको उपयोग गरि चुस्त दुरुस्त रुपमा ग्राहकमुखी सेवा प्रदान गर्दै आएको छ । कम्पनीले आफ्नो लगानीमा रहेको जोखिमहरु न्युन गर्दै भविष्यमा पूंजी बजारमा महत्वपूर्ण स्थान हासिल गर्ने लक्ष्य लिएको छ। धितोपत्र बजारमा लगानी गर्दा विद्यमान आर्थिक स्थितिको अवलोकन गरि, आधारभूत तथा प्राविधिक विश्लेषण प्रतिवेदनको आधारमा लगानी गरिनेछ। नियमित रुपले बजारको अन्य योजनाको गतिबिधि अध्ययन गरी आफ्नो योजनाको तुलनात्मक मुल्यांकन गरिनेछ ।
२०८१ मंसिर मसान्तमा बन्दमुखी योजना अर्न्तगत संचालित भएका कुल योजना ३५ वटाको कुल सम्पत्ति बजार मुल्यमा रु.४०.६७ अर्ब रहेको र यसको औसत प्रति इकाई मुल्य रु. ११.२४ रहेको छ। वर्तमान अवस्थामा बजारमा संस्थागत लगानीकर्ताको सहभागिता न्युन रहेको हुँदा बजारमा आउने अत्याधिक उतारचढावलाई कम गर्न सामुहिक लगानी कोषहरुलाई अझ धेरै मात्रामा योजनाहरु निष्काशन गरी बजार हिस्सा बढाउने अवसर प्राप्त हुन्छ । सामूहीक लगानी कोषको प्रमुख चुनौतीको रुपमा सर्वसाधारणमा वित्तीय साक्षरताको अभाव तथा लगानीकर्ताहरुलाई योजनाहरुबाट प्राप्त हुने लाभको विषयमा पर्याप्त जानकारीको अभाव हुनु रहेको छ। यसरी सर्वसाधारणहरुको लगानीलाई उचित तवरले व्यवस्थापन गरी निजहरुलाई उचित प्रतिफल प्रदान गर्ने र सो बाट धितोपत्र बजारमा सर्वसाधारणहरुको सहभागितामा अभिवृद्धि गरी समग्र धितोपत्र बजारको विकासमा सघाउ पुऱ्याउन सामूहिक लगानी कोषको महत्वपूर्ण भुमिका रहेको छ। हाल पूँजी बजारमा सामूहिक लगानी कोषबाट उच्च प्रतिफल तथा बजार विस्तारको अवसरले योजना व्यवस्थापकको व्यवसायको भविष्य उज्वल हुने विश्वास लिएका छौं ।

### ६.३ योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | माछापुच्छ्रे बैंक लिमिटेडको तर्फ वाट मनोनित हुने २ जना सहित संस्थापक शेयरधनीको तर्फवाट निर्वाचित सदस्यहरु - ३ जना | ३ (तीन) जना |
| २. | कम्पनीको नियमावली बमोजिम सञ्चालक समितिले नियुक्ती गर्ने स्वतन्त्र सञ्चालक | २ (दुई) जना |
## घ. प्रति इकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण

रु.हजारमा

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० | वर्ष ११ | वर्ष १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा इकाइ | १२०,००० | - | - | - | - | - | - | - | - | - | - | - |
| सूचीकृत धितोपत्र तथा धितोपत्र सम्बन्धी उपकरणहरु | ७४५,७६२ | ८७६,०२३ | १,०१०,९४५ | १,१५०,६९५ | १,२७४,७२९ | १,४०३,२०१ | १,५३६,२७० | १,६५३,३८५ | १,७७४,६९० | १,८७९,६१९ | १,९४६,८७२ | २,०१६,५३१ |
| स्थिर आम्दानी उपकरणहरु | २४०,००० | २४०,००० | २४०,००० | २४०,००० | २४०,००० | २४०,००० | २४०,००० | २४०,००० | २४०,००० | २४०,००० | २४०,००० | २४०,००० |
| नगद तथा बैंक मौज्दात | ३५८,६८९ | २९२,९९१ | २२६,४६६ | १६३,०१७ | ११९,७७९ | ७९,७३२ | ४२,९१३ | २६,३३० | १३,०५९ | १९,८७८ | ६३,२९५ | १०९,२४५ |
| **कुल सम्पत्तिको मुल्य** | १,३४४,४५० | १,४०९,०१४ | १,४७७,४११ | १,५५३,७१२ | १,६३४,५०८ | १,७२२,९३३ | १,८१९,१८३ | १,९१९,७१५ | २,०२७,७४९ | २,१३९,४९७ | २,२५०,१६७ | २,३६५,७७५ |
| तिर्न बाँकी स्कीम व्यवस्थापन शुल्क | ५,०१८ | ५,२५९ | ५,५१४ | ५,७९९ | ६,१०० | ६,४३० | ६,७९० | ७,१६५ | ७,५६८ | ७,९८५ | ८,३९८ | ८,८३० |
| तिर्न बाँकी डिपोजिटरी शुल्क | ६६९ | ७०१ | ७३५ | ७७३ | ८१३ | ८५७ | ९०५ | ९५५ | १,००९ | १,०६५ | १,१२० | १,१७७ |
| तिर्न बाँकी स्कीम सुपरिवेक्षण शुल्क | ६६९ | ७०१ | ७३५ | ७७३ | ८१३ | ८५७ | ९०५ | ९५५ | १,००९ | १,०६५ | १,१२० | १,१७७ |
| **लाभांश अघिको खुद सम्पत्तिको मुल्य** | १,३३८,०९४ | १,४०२,३५३ | १,४७०,४२७ | १,५४६,३६७ | १,६२६,७८१ | १,७१४,७८८ | १,८१०,५८२ | १,९१०,६४० | २,०१८,१६२ | २,१२९,३८३ | २,२३९,५२९ | २,३५४,५९१ |
| **लाभांश अघिको खुद सम्पत्ति प्रति इकाई** | **११.१५** | **११.६९** | **१२.२५** | **१२.८९** | **१३.५६** | **१४.२९** | **१५.०९** | **१५.९२** | **१६.८२** | **१७.७४** | **१८.६६** | **१९.६२** |
| लाभांश वितरण | १०१,०९९ | १२१,५८७ | १३९,२६५ | १५७,९१० | १७४,८६० | १९२,९५६ | २१२,११३ | २२९,५५० | २४८,१९१ | २६५,०३४ | २७७,१३५ | २९०,२८४ |
| **लाभांश पछिको खुद सम्पत्तिको मुल्य** | १,२३६,९९५ | १,२८०,७६६ | १,३३१,१६२ | १,३८८,४५७ | १,४५१,९२० | १,५२१,८३२ | १,५९८,४६९ | १,६८१,०८९ | १,७६९,९७१ | १,८६४,३४९ | १,९६२,३९४ | २,०६४,३०७ |
| **लाभांश पछिको खुद सम्पत्ति प्रति इकाई** | **१०.३१** | **१०.६७** | **११.०९** | **११.५७** | **१२.१०** | **१२.६८** | **१३.३२** | **१४.०१** | **१४.७५** | **१५.५४** | **१६.३५** | **१७.२०** |
| **लाभांश प्रति इकाई** | ८% | १०% | १२% | १३% | १५% | १६% | १८% | १९% | २१% | २२% | २३% | २४% |
| **बार्षिक लगानीमा प्रतिफल** | **११.५१%** | **१३.३७%** | **१४.८१%** | **१६.१७%** | **१७.१६%** | **१८.१०%** | **१८.९७%** | **१९.५३%** | **२०.०५%** | **२०.३१%** | **२०.१२%** | **१९.९९%** |
| **सञ्चित लगानीमा प्रतिफल** | **११.५१%** | **२४.८८%** | **३९.६८%** | **५५.८५%** | **७३.०२%** | **९१.१२%** | **११०.०९%** | **१२९.६२%** | **१४९.६७%** | **१६९.९८%** | **१९०.१०%** | **२१०.०९%** |

## ङ. वित्तीय प्रक्षेपणका आधारहरु :

### ङ. १. योजनाको सम्पत्तिको बाँडफाँड :

| विवरण | अधिकतम लगानी |
|---|---|
| साधारण शेयर | ९०% |
| स्थिर आय हुने क्षेत्र (ऋणपत्र, बण्ड, मुद्दती लगानीमा)* | ४०% |

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० | वर्ष ११ | वर्ष १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचिकृत धितोपत्रमा लगानी | ५५.४७% | ६२.१७% | ६८.४३% | ७४.०६% | ७७.९९% | ८१.४४% | ८४.४५% | ८६.१३% | ८७.५२% | ८७.८५% | ८६.५२% | ८५.२४% |
| स्थिर आम्दानी उपकरणहरु | १७.८५% | १७.०३% | १६.२४% | १५.४५% | १४.६८% | १३.९३% | १३.१९% | १२.५०% | ११.८४% | ११.२२% | १०.६७% | १०.१४% |
| नगद तथा बैंक मौज्दात | २६.६८% | २०.७९% | १५.३३% | १०.४९% | ७.३३% | ४.६३% | २.३६% | १.३७% | ०.६४% | ०.९३% | २.८१% | ४.६२% |
| **जम्मा सम्पत्ति** | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% |

### सूचिकृत धितोपत्रमा लगानी

**रु.हजारमा**

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० | वर्ष ११ | वर्ष १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचिकृत धितोपत्रमा लगानी | ७२०,००० | ७४५,७६२ | ८७६,०२३ | १,०१०,९४५ | १,१५०,६९५ | १,२७४,७२९ | १,४०३,२०१ | १,५३६,२७० | १,६५३,३८५ | १,७७४,६९० | १,८७९,६१९ | १,९४६,८७२ |
| लगानी कमि/बृद्धि | - | १००,००० | १००,००० | १००,००० | ८०,००० | ८०,००० | ८०,००० | ६०,००० | ६०,००० | ४०,००० | | |
| लाभांश आम्दानी | ७,४८८ | ९,२३६ | ११,१९१ | १३,३७५ | १५,५५८ | १७,९८२ | २०,६७१ | २३,३६० | २६,३२७ | २९,२७८ | ३१,८४२ | ३४,६३० |
| बोनश शेयर बिक्रीबाट आम्दानी | ११,९५२ | १४,७४२ | १७,८६३ | २१,३४९ | २४,८३२ | २८,७०२ | ३२,९९५ | ३७,२८५ | ४२,०२२ | ४६,७३२ | ५०,८२४ | ५५,२७५ |
| सूचिकृत धितोपत्रबाट आम्दानी | १२८,८०८ | १५१,३०७ | १७४,६११ | १९८,७४८ | २२०,१७१ | २४२,३६१ | २६५,३४५ | २८५,५७३ | ३०६,५२५ | ३२४,६४८ | ३३६,२६४ | ३४८,२९५ |
| प्राप्त भइसकेको आम्दानी | १०३,०४६ | १२१,०४५ | १३९,६८८ | १५८,९९८ | १७६,१३७ | १९३,८८९ | २१२,२७६ | २२८,४५८ | २४५,२२० | २५९,७१८ | २६९,०११ | २७८,६३६ |
| प्राप्त भइनसकेको आम्दानी | २५,७६२ | ३०,२६१ | ३४,९२२ | ३९,७५० | ४४,०३४ | ४८,४७२ | ५३,०६९ | ५७,११५ | ६१,३०५ | ६४,९३० | ६७,२५३ | ६९,६५९ |
| **सूचिकृत धितोपत्रमा कुल लगानी प्राप्त भइनसकेको आम्दानी सहित** | **७४५,७६२** | **८७६,०२३** | **१,०१०,९४५** | **१,१५०,६९५** | **१,२७४,७२९** | **१,४०३,२०१** | **१,५३६,२७०** | **१,६५३,३८५** | **१,७७४,६९०** | **१,८७९,६१९** | **१,९४६,८७२** | **२,०१६,५३१** |

* बैंक मुद्दती निक्षेपमा सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ३६(१)(ङ) को अधिकतम १५% को सिमा ननाघ्ने गरि लगानी गरिनेछ ।

**नोट :** अ) माथि उल्लेखित विवरण वित्तीय प्रक्षेपण तथा सो का आधारहरु सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ३६ को उपनियम १ र २ को लगानी क्षेत्र भित्र रहेको छ ।

आ) उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्यनजर गरी प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रको लगानीमा सार्न सकिनेछ ।

इ) यो योजनाले नियमित रुपमा बजारमा देखिएका लगानीको अनुकुलता अथवा प्रतिकुलताको आधारमा योजना अन्तर्गत बिभिन्न क्षेत्रमा भएको लगानीको अनुपातलाई फेरबदल गर्न सक्नेछ ।

### ङ. २. प्रक्षेपित प्रतिफल :

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० | वर्ष ११ | वर्ष १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थीर आम्दानी उपकरणहरु ऋणपत्र, बण्ड, मुद्दती लगानीमा | ८.४६% | ८.४६% | ८.४६% | ८.४६% | ८.४६% | ८.४६% | ८.४६% | ८.४६% | ८.४६% | ८.४६% | ८.४६% | ८.४६% |
| शेयर : नगद लाभांश | १.०४% | १.०९% | १.१५% | १.२०% | १.२६% | १.३३% | १.३९% | १.४६% | १.५४% | १.६१% | १.६९% | १.७८% |
| शेयर : बोनश शेयर | १.६६% | १.७४% | १.८३% | १.९२% | २.०२% | २.१२% | २.२२% | २.३४% | २.४५% | २.५८% | २.७०% | २.८४% |
| ब्याज आम्दानी : माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | २% | २% | २% | २% | २% | २% | २% | २% | २% | २% | २% | २% |
| आर्जित पूँजीगत नाफा/नोक्सान | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% |
| संचित आर्जित हुन बाँकी पूँजीगत नाफा/नोक्सान | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% | १७.८९% |

*** स्थीर आम्दानी उपकरणको विगत १० वर्षको औषत व्याजदर ८.४६% रहेको छ।**

*** माग तथा अल्प सूचनामा प्राप्त हुने वार्षिक व्याजदर २% को हाराहारीमा रहने गरेको छ।**

*** नेप्सेको बिगत बाह्र वर्षको वार्षिक औषत प्रतिफल १७.८९% रहेको छ।**

**यस बन्दमुखी योजनाको अवधी १२ वर्ष रहेको तथा योजनाले लगानी गर्ने सम्पत्ति (शेयर, डिबेन्चर, मुद्दती निक्षेप) लगानीको प्रतिफल (व्याज, लाभांश, पूँजीगत नाफा/नोक्सान) बजारको अवस्था हेरी उतारचढाव हुने भएकोले वार्षिक औषत प्रतिफल समान प्रक्षेपण गरिएको।**

### ङ. ३. वित्तीय प्रक्षेपण लेखाङ्कन विवरण :

रु.हजारमा

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० | वर्ष ११ | वर्ष १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| इकाई पूँजी | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० | १,२००,००० |
| स्थिर आम्दानी उपकरणहरु | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% |
| सूचिकृत धितोपत्रमा लगानी | ६०% | | | | | | | | | | | |
| प्राप्त भइसकेको आम्दानी | ८०% | ८०% | ८०% | ८०% | ८०% | ८०% | ८०% | ८०% | ८०% | ८०% | ८०% | ८०% |
| प्राप्त भइनसकेको आम्दानी | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% |
| धितोपत्र दलाली शुल्क | १.००% | १.००% | १.००% | १.००% | १.००% | १.००% | १.००% | १.००% | १.००% | १.००% | १.००% | १.००% |
| लेखापरिक्षण शुल्क | १५० | १६५ | १८२ | २०० | २२० | २४२ | २६६ | २९२ | ३२२ | ३५४ | ३८९ | ४२८ |
| स्कीम सुचिकरण शुल्क | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० |
| सिडिएस नविकरण शुल्क | १७० | १७० | १७० | १७० | १७० | १७० | १७० | १७० | १७० | १७० | १७० | १७० |
| लाभांश Payout | ९०% | ९०% | ९०% | ९०% | ९०% | ९०% | ९०% | ९०% | ९०% | ९०% | ९०% | ९०% |
| कानून शुल्क | १०० | ११० | १२१ | १३३ | १४६ | १६१ | १७७ | १९५ | २१४ | २३६ | २५९ | २८५ |
| सूचना तथा विज्ञापन खर्च | ५०० | ५५० | ६०५ | ६६६ | ७३२ | ८०५ | ८८६ | ९७४ | १,०७२ | १,१७९ | १,२९७ | १,४२७ |
| Software शुल्क | १५० | १६५ | १८२ | २०० | २२० | २४२ | २६६ | २९२ | ३२२ | ३५४ | ३८९ | ४२८ |
| बैठक खर्च | १२० | १३२ | १४५ | १६० | १७६ | १९३ | २१३ | २३४ | २५७ | २८३ | ३११ | ३४२ |

### ङ. ४. पाउनुपर्ने तथा भुक्तानी गर्नुपर्ने :

- **चालु सम्पत्ति :** माग तथा अल्प सूचनामा प्राप्तहुने ब्याज आम्दानी, स्थिर लगानीमा प्राप्त व्याज आम्दानी, दलालबाट प्राप्त हुन बाँकी भुक्तानी तथा अन्य।
- **चालु दायित्व :** सन्ड्री क्रेडिटर्स, भुक्तानी हुनबाँकी योजना व्यवस्थापन शुल्क, डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, कानुनी तथा लेखापरीक्षण सेवा शुल्क, दलाली शुल्क तथा अन्य साहु।

योजनाको वित्तीय प्रक्षेपण योजना व्यवस्थापक आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु प्रतिक श्रेष्ठ एण्ड एसोसिएटस्, काठमाडौंद्वारा प्रमाणित गरिएको छ।

### ८.५ योजनाको खर्च सम्बन्धी विवरण

योजनाको खर्च सम्बन्धी विवरण देहायअनुसार रहेको छ :

**(क) योजना निष्काशनको लागि गरिने खर्च :**

नियमावलीको व्यवस्था बमोजिम बोर्डमा योजना दर्ता लाग्ने शुल्क, निष्काशन तथा बिक्री प्रबन्धक शुल्क, सूचना प्रकाशन, आवेदन संकलन, विवरणपत्र प्रशोधन तथा फिर्ता भुक्तानी, इकाईको बाँडफाँड, योजनाको प्रचार प्रसार तथा निष्काशनसँग आवद्ध अन्य खर्च।

| विवरण | रकम/ प्रतिशत |
|---|---|
| योजना दर्ता शुल्क | योजनाको ०.०७५ प्रतिशत वा न्यूनतम १० लाख |
| निष्काशन तथा बिक्री प्रबन्धक शुल्क: | निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी शुल्क अधिकतम रु.३,००,०००/-। |
| नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण शुल्क: | सूचीकरण गर्ने बेला हाल कुल योजनाको रु.१,००,०००/-, सूचिकरण निवेदन दस्तुर रु.१५,०००/- र वार्षिक नविकरण शूल्क हाल रु. ५०,०००/- रहेको। नियामक निकायले अन्यथा तोकेमा सोही अनुसार। |
| सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचीकरण शुल्क | सूचीकरण गर्ने बेला हाल कुल योजनाको ०.०१% वा न्युनतम रु.१,५०,०००/- तथा वार्षिक नविकरण शूल्क हाल रु.१,५०,०००/-, सफ्टवेयर शुल्क रु.२०,०००/- रहेको। नियामक निकायले अन्यथा तोकेमा सोही अनुसार। |

**निष्काशन शुल्क सम्बन्धी विवरण**

| **विवरण** | **रकम (रु) हजारमा** |
|---|---|
| योजना दर्ता शुल्क | १,०४५ |
| निष्काशन तथा बिक्री प्रबन्धक शुल्क | ३०० |
| विवरणपत्र प्रशोधन शुल्क (निष्काशन तथा बिक्री प्रबन्धक) | ५० |
| सुचिकरण निवेदन शुल्क (Nepse) | ११५ |
| CDS शुल्क | १७० |
| विज्ञापन खर्च (टिभि, फम एम रेडियो, अनलाइन) | १,२०० |
| छपाइ खर्च | ५०० |
| बाँडफाँड खच | १०० |
| वित्तीय प्रक्षेपण प्रमाणीकरण शुल्क | ३० |
| कुल निष्काशन शुल्क | **३,५१०** |

**(ख) योजनाको नियमित खर्च**

| विवरण | रकम/ प्रतिशत |
|---|---|
| योजना व्यवस्थापन सेवा शुल्क | खुद सम्पत्ति मूल्यको बार्षिक १.५ प्रतिशत |
| कोष सुपरिवेक्षक (समूह) सेवा शुल्क | सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम २३ को अधिनमा रहि म्युचुअल फण्ड अन्तर्गत संचालित योजनाको प्रति बैठक भत्ता रु. १५,०००/- सेवा शुल्क |
| डिपोजिटरी सेवा शुल्क | खुद सम्पत्ति मूल्यको बार्षिक ०.२० प्रतिशत |
| सूचीकरण तथा नवीकरण शुल्क | नेपाल स्टक एक्सचेन्ज लिमिटेडले तोके वमोजिम |
| लेखापरीक्षण, प्रचलित कानुन बमोजिमको सूचना प्रकाशन, कानुनी सेवा खर्च, शेयर कारोबारमा ब्रोकर कमिशन, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन | वास्तविक आधारमा |
| सिडिएस (CDS) मा दर्ता शुल्क | सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेडले तोके वमोजिम |

बोर्डले तोकेको अवस्थामा बाहेक उपयुक्त शीर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाइने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिईनेछ ।

**८.६ योजनाको मुनाफा वितरणको लक्ष्य :**

योजनाले कमाएको खुदमुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफा मध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनःलगानी गरिनेछ ।

**८.७ लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने कर सम्बन्धी व्यवस्था :**

नेपाल सरकारले आर्थिक ऐन २०७७/०७८ बाट सामुहिक लगानी कोषलाई कर छुट संस्थामा वर्गिकरण गरेको हुँदा सामुहिक लगानी कोषको उद्देश्य अनुरुपको आयमा आयकर नलाग्ने व्यवस्था गरेको छ । योजनाले इकाई धनीहरुलाई वितरण गरेको मुनाफामा आयकर ऐन २०५८ अनुसारको अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ ।

आयकर ऐन २०५८ को दफा ८८(१)(६) मा भएको व्यवस्था बमोजिम सामुहिक लगानी कोषबाट वितरण गरिने प्रतिफलमा प्राकृतिक व्यक्तिलाई ५ प्रतिशत तथा अन्यलाई १५ प्रतिशतका दरले कर कट्टी गरिनेछ ।

**८.८ योजनाका इकाईहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया :**

योजनाको अवधि समाप्त भए पश्चात् योजनाको सम्पत्ति बिक्री गरी इकाईधनीहरुलाई समानुपातिक आधारमा वितरण गरिनेछ । नियमावलीको नियम ३१ (६) को व्यवस्था बमोजिम समयमा नै योजना खारेजीको प्रकृया अगाडी बढाइनेछ र सो को स्वीकृति पश्चात् तीन महिना भित्र योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी समानुपातिक रुपमा वितरण गरिनेछ । योजनाका सम्पत्ति तीन महिना भित्र नगदमा परिणत गर्न नसकिएको अवस्थामा नियमावलीको नियम ३२ को व्यवस्था बमोजिम बोर्डले तीन महिनाको म्याद थप गरिदिन सक्नेछ । बजार प्रतिकूल समेत हुन सक्ने अवस्थालाई दृष्टिगत गरी योजनाको अवधि समाप्त हुनु भन्दा ६ महिना देखि एक वर्ष अगावै देखि नै बजारको अवस्था हेरी क्रमिक रुपले योजनाको लगानीलाई तरलतामा परिणत गर्ने प्रकृया शुरु गर्नेछ । यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण हुने छैनन् । अवधि समाप्त भएको अवस्थामा इकाईधनीहरुको सहमतिमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ । योजनालाई नयाँ योजनामा परिणत गर्ने सम्बन्धी व्यवस्था र अपनाउने प्रकृया नियमावलीको अधीनमा रही बोर्डको स्वीकृति अनुरुप हुनेछ ।

**८.९ खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था :**

**(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :**

प्रति इकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई संख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ । खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

| |
|---|
| (लगानी मूल्य) + (प्रतिफल) + (अन्य आय) – दायित्व तथा अपलेखन नगरिएको स्थगन तथा विविध खर्च |
| प्रतिइकाई खुद सम्पत्ति मूल्य =------------------------------------------------------------------------------------ |
| कुल इकाई संख्या |

**(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था :**

योजनाका इकाईहरु बाँडफाँड भएको एक महिना भित्र योजना व्यवस्थापकले खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । नियमावलीको व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना व्यवस्थापकको वेवसाईट www.mcl.com.np मा सार्वजनिक गरिनेछ । साथै योजना व्यवस्थापकले प्रत्येक महिनामा योजनाले धितोपत्रमा गरेको लगानीको रकम, लगानी गरेको धितोपत्रहरुको बजार मूल्य, योजनाको आम्दानी तथा खर्चहरु, योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य र सो गणनाको आधार आदी सम्बन्धी विवरणहरु सो महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरिवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा एक पटक प्रकाशन गर्नेछ तथा योजनाको त्रैमासिक प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिन भित्र कोष सुपरिवेक्षक र बोर्ड समक्ष पेश गर्नेछ र सो विवरण आफ्नो वेबसाईटमा समेत राख्नेछ ।

**८.१० योजनामा अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा:**

**(क) सामान्य जोखिम तत्वहरु :**

**(१) सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :**

सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीमा प्रत्यक्ष असर गर्ने हुदा यस योजनाले नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पुरा हुने सुनिश्चितता गरेको मानिने छैन ।

**(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :**

योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यस्तो लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

**(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :**

योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सो को नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्ने छैन ।

**(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सो को जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :**

योजनामा गरिने लगानीको जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ । योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिने छैन ।

**(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :**

यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिनेछ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता गर्ने छैन ।

**(ख) खास जोखिम तत्वहरु :**

**(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :**

यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश सम्बन्धि निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ तर योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता गर्ने छैन ।

**(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भइरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :**

सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा सरकारी नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सो को प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ। साथै बजारको अवस्था तथा बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ। योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ। ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ। धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ। साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने व्याजदर र धितोपत्रको लगानी बीच विपरित सम्बन्ध (Inverse relation) हुने हुँदा सो को असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ।

**(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :**

रेटिङ्ग कम्पनीले दिएको रेटिङको राय र धितोपत्र बजारको कुनै अन्तर सम्बन्ध नहुने भएकोले यस्तो रेटिङले खुद सम्पत्ति मूल्यको स्थिरताको कुनै सुनिश्चितता गर्दैन।

**(४) व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :**

योजनाको कुल रकम मध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ। सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित व्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ।

**(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :**

योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँड गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोबारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्न सक्छ।

**(६) इक्विटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :**

योजनाले इक्विटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अर्न्तनिहित रहेका हुन्छन।

**(७) ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :**

योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र त्यस्ता ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहने हुँदा त्यस्ता ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन।

**(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :**

योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहनेछ।

**(९) ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदि बारे :**

ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ। विभिन्न आर्थिक उतार चढावका कारण अर्थतन्त्रमा मुद्रा स्फीतीको दरमा वृद्धी भएमा क्रय शक्तिमा आउने ह्रासका साथै तरलताको अभावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ।

**(१०) पुर्नलगानी जोखिम यथावत रहने कारणमा व्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुर्नलगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :**

ऋणपत्र तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ। यदि व्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुर्नलगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ।

**(११) योजना अन्तर्गत लगानी गरिने विभिन्न प्रकारका धितोपत्रहरुले विभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्र भन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :**

योजनाले विभिन्न प्रकारको धितोपत्रहरु जस्तै शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदिमा लगानी गर्नुपर्ने हुन्छ। यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ। योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ।

**(१२) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :**

योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन। भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ। त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ।

**(१३) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :**

योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत पर्न सक्नेछ ।

**(१४) योजनाको अवधिभर सो को मूल्य बृद्धिको अवसर रहने तर सो को बोनस नपाउने बारे :**

योजनाको कार्य सम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनस भने वितरण गर्ने छैन ।

**(१५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुराः**

योजनाका इकाईहरुको निष्काशन तथा बिक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।

**(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापन गर्नका लागि निम्न अनुसारको व्यवस्थाहरु गरिएको छ :-

(१) सबल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयालाई निरन्तरता दिईएको छ । सो को निरन्तर अद्यावधिक गर्ने व्यवस्था समेत गरिएको छ ।

(२) धितोपत्रमा लगानी गर्नु पूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिएको छ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिएको छ ।

(३) लगानी विश्लेषणका लागि अनुसन्धान विभाग (Research Department) रहेको छ जसमा आधारभूत विश्लेषण प्रतिवेदन (Fundamental Analysis Report) र प्राविधिक विश्लेषण प्रतिवेदन (Technical Analysis Report) तयार गर्नको लागि विश्लेषकको व्यवस्था गरिएको छ ।

(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिएको छ ।

(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई दृष्टिगत गरी कम जोखिम तर राम्रो प्रतिफल हुन सक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र नियमावली तथा निर्देशिका तथा बोर्डबाट स्विकृत विवरण पुस्तिकाको अधिनमा रही सम्भव भएसम्म बढी भन्दा बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधीकरणको प्रक्रिया अवलम्बन गरिएको छ ।

(६) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापन गरिनेछ । साथै उच्च व्यवस्थापन सहितको सञ्चालकहरुको लगानी तथा जोखिम व्यवस्थापन समितिको व्यवस्था गरी सो समितिको नियमित बैठकबाट लगानी तथा जोखिम व्यवस्थापनका लागि सल्लाह र निर्देशन दिने व्यवस्थाको अवलम्बन गरिनेछ ।

(७) लगानी तथा जोखिम व्यवस्थापनका लागि सफ्टवेयरको उपयोग गरिएको छ जसमा बोर्डबाट स्विकृत विवरण पुस्तिकाको लगानी सम्बन्धी विवरण राखिएको छ । साथै अनुसन्धान विभाग (Research Department) को सुझाव अनुरुप लगानी तथा बिक्रीका लागि इन्भेष्टमेन्ट बैंकिङ्ग विभागको जानकारीमा प्रमुख कार्यकारीको स्वीकृति लिएर ब्रोकरको माध्यमबाट कारोबारको व्यवस्था गरिएको छ ।

(८) हाल बजारमा संचालनमा रहेका सामूहिक लगानी कोषका योजनाहरुले प्रारम्भिक निष्काशनमा सफलता हासिल गरी दोश्रो बजारमा समेत राम्रो कारोबार गरिरहेको अवस्थाले लगानीकर्ताहरुमा यस्तो प्रकारको उपकरण प्रति सकारात्मक सोच रहेको देखिएको हुंदा यस योजनाले समेत सोही अनुरुपको सफलता हासिल गर्न सक्छ भन्ने कुरामा योजना व्यवस्थापक विश्वस्त रहेको छ । साथै योजनाको समयावधि समाप्ति पश्चात् योजनाबाट खरीद गरिएका धितोपत्रहरुको समेत पूर्ण रुपमा बिक्री हुनेछ भन्ने विश्वास योजना व्यवस्थापकले लिएको छ । यदि कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएको अवस्थामा सामूहिक लगानी कोष नियमावली तथा निर्देशिकाको व्यवस्था अनुरुप गरिनेछ ।

**जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको आन्तरिक नियन्त्रण प्रणाली**

नियमकारी निकायको अधिनमा रहि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरि योजनालाई उत्कृष्ट एवं सबल रुपमा संचालन गर्न अवलम्बन गरेका सिद्धान्त तथा अभ्यासहरु निम्नानुसार छन :

- जोखिम र प्रतिफल बीच सन्तुलन ।
- अनुशासित र संयमित जोखिम वहन ।
- अख्तियारप्राप्त समिति तथा व्यक्तिहरुको स्विकृती पश्चात्मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता ।
- संस्थाको अनुसन्धान विभागको निरन्तर बजार तथा सूचिकृत कम्पनीहरुको व्यापारिक विश्लेषण, समग्र देशको अर्थतन्त्रको विश्लेषणका आधारमा अवलम्बन गरिने लगानी नीति तथा कार्यक्रमहरु ।
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी ।
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।

- संस्थाले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको ।

## ९ इकाई निष्काशन सम्बन्धी विवरण :

### ९.१ इकाई बिक्री खुला गरिने मिति तथा अवधि :

यस विवरणपत्रद्वारा निष्काशन गरिएको इकाईको लागि आवदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ । बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको २ महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ ।

### ९.२ आवेदन संकलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी :

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (C-ASBA) लागू भएको र २०७४ श्रावण १ देखि सार्वजनिक निष्काशनमा सोहि निर्देशिकामा भएको व्यवस्था बमोजिम मात्र दरखास्त आवेदन गर्न पाईने भएकोले उक्त निर्देशिका बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले आवेदन संकलन केन्द्रको रुपमा कार्य गर्नेछन् । सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

### ९.३ आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु :

नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित नेपाल कानून बमोजिम दर्ता भएका फर्म, संघ तथा संगठित संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु, सञ्चयकोष, नागरिक लगानी कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष, अवकाश कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम हितग्राही खाता खोलेका व्यक्ति तथा संस्थाहरुले मात्र यस निष्काशनमा आवेदन गर्न सक्नेछन् ।

### ९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्याः

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० ले भाग जाने गरी अधिकतम १,२०,००,००० (एक करोड बिस लाख) ईकाइसम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

### ९.५ इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

१. योजनाको सम्पूर्ण ईकाई बिक्रीको लागि आवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।
२. बिक्री खुल्ला भएको आवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न आवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ ।
३. यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र आवेदकहरुको रकम फिर्ता गरिनेछ ।
४. इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँड गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ ।
५. इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।
६. योजनाका इकाइहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा अभौतिकीकरणका लागि दर्ता गरी दोस्रो बजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

### ९.६ आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरणपत्र मार्फत जारी गरिने इकाई खरिद गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु वा तिनका कुनै पनि शाखा कार्यालयबाट दरखास्त दिन सक्नेछन् ।
२. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिंदा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई सि-आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त आवेदन दिनु पर्नेछ ।
   (क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्नेछ ।
   (ख) आवेदन दिंदा इकाई जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्नेछ ।
   (ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि/स्पष्ट उल्लेख गर्नुपर्नेछ । नावालकको हकमा नावालककै हितग्राही खाता नं उल्लेख गर्नुपर्नेछ ।
   (घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
   (ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धीत संकलन केन्द्र (सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था) संग अनिवार्य लिनुपर्नेछ ।
   (च) बैंक खाता रोक्का वा निष्क्रिय (Dormant) भए/नभएको यकिन गर्नुपर्नेछ ।
   (छ) एक व्यक्ति वा संस्थाले आफूले खरिद गर्न चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

(ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई इकाईको बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

३. योजनाको इकाई खरिदका लागि आवेदन दिँदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्टरुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरीद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम १,२०,००,००० इकाई सम्म खरिद गर्न सकिनेछ । आवेदन फाराममा प्रति इकाई वापत रु.१०/- का दरले शत्प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।

४. इकाई खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गर्नेछ ।

५. योजना निष्काशन सम्बन्धि विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्बन्धित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ ।

६. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तिय संस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तिय संस्थाबाट सि-आस्वा (C-ASBA) प्रणाली अर्न्तगत मात्र आवेदन गर्न सकिनेछ । सहभागिहरुले रु.५,००,०००/– वा सो भन्दा बढी दरखास्त दिने आवेदकको स्थायी लेखा नं. (PAN) रहेको तथा आवेदन वापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरि आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ ।

७. इकाईधनीहरुले योजना व्यवस्थापकको कार्य सम्पादन सम्बन्धमा वा योजना खारेजीको सम्बन्धमा योजना व्यवस्थापक समक्ष आफ्नो मत राख्न सक्नेछन् तर यो वाध्यकारी हुने छैन ।

८. इकाईधनीहरुको योजना अन्तर्गत आफ्ना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोश्रो बजारमा बिक्री गर्न तथा दोश्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउन सकिनेछ ।

९. योजना व्यवस्थापकको निर्णय बमोजिम इकाईधनीहरुलाई नगद लाभांश वितरण गर्न सकिनेछ । यसरी वितरण गर्ने नगद लाभांश इकाईधनीहरुको बैक खातामा सोझै जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

१०. इकाईधनीहरुले योजना सम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन् भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईवालालाई प्राप्त हुदैन ।

११. यस विवरण पुस्तिका बमोजिम निष्काशन गरिने इकाईहरुमा संकलित रकम विविध निर्धारित क्षेत्रका लगानी गरिने र विद्यमान परिस्थीतीमा उक्त लगानीबाट आर्जन गरिने मुनाफाबाट प्रचलित कानून बमोजिम इकाईधनीहरुमा प्रतिफल वितरण गरिनेछ ।

१२. बिक्री प्रस्तावमा उल्लेख गरिएका बाहेक अरु कसैले पनि योजना बारे विज्ञापन गर्न, जानकारी उपलब्ध गराउन वा प्रतिनिधित्व गर्न नपाउने हुँदा लगानीकर्ताले सो कुराको यकिन गर्नुपर्नेछ ।

१३. लगानीकर्ताले इकाईमा लगानी गर्नु अघि यस विवरण पुस्तिका राम्रोसँग अध्ययन गरेर मात्र आवेदन दिन उपयुक्त हुन्छ ।

## १०. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा :

(क) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्थावारे जानकारी प्राप्त गर्ने ।

(ख) योजनाले वितरण गरेको प्रतिफल प्राप्त गर्ने ।

(ग) योजना अन्तर्गतका आफ्ना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोस्रो बजारमा बिक्री गर्ने तथा दोस्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने ।

(घ) योजना व्यवस्थापकको कार्य सम्पादन सम्बन्धमा वा योजना खारेजीको सम्बन्धमा आफ्नो मत राख्ने ।

(ङ) योजना सञ्चालन सम्बन्धमा कुनै गुनासो भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा बोर्डमा गुनासो राखी समाधान गराउने ।

(च) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तीय विवरण नियमावलीले व्यवस्था गरे बमोजिम प्राप्त गर्ने ।

(छ) आफूले खरीद गरेको योजनाको इकाई अभौतिक रुपमा प्राप्त हुनेछ ।

(ज) सामूहिक लगानी कोष नियमावली, २०६७ ले व्यवस्था गरे बमोजिमका अधिकारहरु योजनाका सहभागीहरुलाई प्राप्त हुनेछ ।

(झ) योजनाको समाप्तिमा कायम भएको खुद सम्पत्ति मुल्य अनुरुपको रकम फिर्ता प्राप्त गर्ने अधिकार रहनेछ ।

## ११. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासोहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकको तर्फबाट श्री मनिता खनाललाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने, सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासोहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासो प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक तथा नियमन निकाय नेपाल धितोपत्र बोर्ड समक्ष राखी गुनासो समाधान गर्ने प्रकृया अगाडि बढाईनेछ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् :
फोन नं.: ०१-५३६६३२५, ०१-५३४९४५३, ईमेलः mcl@mcl.com.np

**निष्काशन बैंकहरु :**

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (C-ASBA) बमोजिम आवेदन संकलन गरिने हुँदा यस निष्काशनमा कुनै निष्काशन बैंक तोकिएको छैन ।

१२. योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) :

आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
RBB MERCHANT BANKING LTD.
टेकु, काठमाण्डौ नेपाल ।

पत्र संख्या: २०८१/८२
च.नं.: ४०२

मिति २०८१/०६/२०

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय : प्रतिबद्धता पत्र ।

महोदय,

यस आरविवि मर्चेण्ट बैंकिङ्ग लिमिटेडले एमबीएल म्युचुअल फण्ड अन्तर्गत संचालन हुने एमबीएल इक्विटी फण्डको इकाई निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु ।

१. इकाई बिक्री प्रस्ताव धितोपत्र ऐन, २०६३, सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष सम्बन्धी निर्देशिका, २०६९ बमोजिम अगाडि बढाईएका हुन् ।

२. योजना शुरु गर्न आवश्यक सबै कानूनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ ।

३. विवरण पुस्तिकामा खुलाईएका विवरणहरु सहभागीलाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

भवदीय

बद्री प्रसाद प्याकुरेल
प्रमुख कार्यकारी अधिकृत

**१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठिक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री विश्वम्भर न्यौपाने | अध्यक्ष | |
| २. | श्री प्रसिद्ध राज अर्याल | सञ्चालक | |
| ३. | श्री दिप प्रकाश पाण्डे | सञ्चालक | |
| ४. | श्री सुदिप खनाल | स्वतन्त्र सञ्चालक | |
| ५. | श्री सबिता शाह ठकुरी | स्वतन्त्र सञ्चालक | |

१४. लेखापरिक्षकद्धारा प्रक्षेपित वित्तीय विवरणको प्रमाणिकरण :

**Pratik Shrestha & Associates**
Chartered Accountants

Dhumbarahi-4, Kathmandu, Nepal
Ph No: +977-01-4373054
Email: pratikshrestha713@gmail.com

**REPORT ON EXAMINATION OF PROJECTED FINANCIAL INFORMATION**

**To whom it may concern**

We have examined the forecast of MBL Equity Fund, to be managed by Machhapuchchhre Capital Ltd. which includes Projected Financial Statement, Projected Income Statement, Projected Cash Flow statements, Underlying Schedules, Projected NAV computations schedules and Major Assumptions for the period from Year 1 to Year 12 as given in Schedules of the projected financial information in accordance with Nepal Standard on Assurance Engagements (NSAE) 3400, The Examination of Prospective Financial Information, issued by the Institute of Chartered Accountants of Nepal. The preparation and presentation of the forecast including the underlying assumptions set out in Projected Financial Information, is the responsibility of the management. Our responsibility is to examine the evidence supporting the forecast. Our responsibility does not include verification of the forecasts. Therefore, we do not vouch for the accuracy of the same.

This forecast has been prepared for assessing feasibility of investment. The forecast has been prepared using a set of assumptions as set out in Assumptions of the projected financial information.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention, which causes us to believe that assumptions do not provide a reasonable basis for the forecast. Further, in our opinion the forecast, read with the notes thereon, is properly prepared on the basis of the assumptions as set out and on a consistent basis with the historical financial statements, using appropriate accounting principles.

Actual results are likely to be different from the forecast since anticipated events might not occur as expected and the variation might be material.

For Pratik Shrestha & Associates, Chartered Accountants.

Pratik Shrestha & Associates
Dhumbarahi, Kathmandu
Chartered Accountants

Signature

*FCA. Pratik Shrestha*

*Principal*

*UDIN 241002CA00713Bz9vq*

*Date: 2081.06.15*